सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ६ अङ्क २३ २०८१ पौष २१
आईतबार

# भूमेले कोर्दै समृद्धिको मार्गचित्र

रुकुमपूर्वको भूमे गाउँपालिका विकास र समृद्धिको नयाँ युगतर्फ अघि बढिरहेको छ। भूमेली नागरिकले प्राप्त गरेका उपलब्धिहरूले मात्र होइन, आगामी योजना र दृष्टिकोण सुनिश्चित गर्दैछ। स्थानीय समुदायको एकता, सहकार्य, र मेहनत हाम्रो यात्राको एक मूल प्रेरणा हो। भूमेको विकास केवल पूर्वाधारमा सीमित छैन। सामाजिक न्याय, समानता, र सहभागिताको माध्यमबाट दिगो विकासको सुनिश्चिततामा लागिपरेको छ। गाउँपालिकाले स्रोत, साधनको बुद्धिमानी प्रयोग, प्रविधिको एकीकरण र स्थानीय सीपको विकास गर्दै सम्पूर्ण नागरिकलाई समृद्ध जीवनशैली प्रदान गर्दै लम्किरहेको छ।

भूमे गाउँपालिका प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, र मेहनती जनताको साझा थलो हो। यहाँका हरियाली पहाड, स्वच्छ खोला, र संस्कृति मात्र हाम्रो सम्पत्ति होइन्। अहोरात्र खटिने जनप्रतिधि र सम्मपूर्ण कर्मचारीको ऐक्यबद्धता, सहिष्णुता, र श्रमप्रतिको सम्मानले भूमेलाई विशेष चिनाएको छ। पछिल्ला वर्षहरुमा गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, र पर्यटनका क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल गरेको हाम्रो नयनले देखेको र सेवा लिएको पनि सत्य सावित हो। पालिका भित्र रहेका ३५ वटा विद्यालयहरूमा विज्ञान र प्रविधिको पहुँच बढाइएको छ। सामुदायिक स्वास्थ्य केन्द्रहरूलाई सुधार गरेर आधारभूत स्वास्थ्य सेवाहरू नजिक पुर्‍याउँदा गाउँमै सेवा लिन पाएको छौं।

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै आत्मनिर्भर अर्थतन्त्रतर्फ पाइला चालिएको छ। कृषि र पर्यटनमा भएका सुधारहरूले भूमेली नागरिकलाई आत्मनिर्भरताको बाटोमा अघि बढाएको छ। भने अझै चुनौतीहरू बाँकी छन्। जलवायु परिवर्तन, युवा बेरोजगारी, र प्रकोप व्यवस्थापन जस्ता क्षेत्रहरूमा अझै बढी ध्यान केन्द्रित गर्न आवश्यक छ। यस्ता समस्यालाई भने समाधान गर्न गाउँपालिका प्रतिबद्ध छ। भूमेलाई समृद्ध, आत्मनिर्भर र सहकार्यको उत्कृष्ट नमुनाका रूपमा स्थापित गरेको छ। गाउँ,गाउँमा सडक सञ्जालको विस्तार, खानेपानीको पहुँच र विद्युतीकरणमा भएको प्रगतिले जनताको जीवनस्तरमा सुधार ल्याउँदा भूमेली निकै खुसी छन्। विभिन्न संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरेर बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न सक्रिय छ। जैविक खेती प्रवद्र्धन पर्यटनका नयाँ सम्भावनाहरूको खोजी गर्दै, भूमे गाउँपालिकाले ग्रामीण अर्थतन्त्रमा योगदान गर्दा यो सकरात्मक कदम हो। जसले गर्दा समृद्धिको मार्गचित्र कोर्दै छ ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# गुणस्तरीय शिक्षा बनाउन सरोकारवालासँग सुझाव संकलन



❖ बालाराम शेर्पाली

रुकुमपूर्व भूमे गाउँपालिकाले शिक्षा योजना निर्माणका लागि सरोकारवाला निकायसँग सुझाव संकलन कार्यक्रम गरिएको छ। स्थानीय स्तरका शिक्षा क्षेत्रका समस्या तथा चुनौती र अवसरका सम्भावनाहरूलाई समेट्दै सबैपक्षीयसँग सहकार्यका लागि वातावरण सिर्जना गर्ने लक्ष्यको साथ सुझाव संकलन कार्यक्रम गरिएको हो।

गुणस्तरीय शिक्षाको प्रवद्र्धन, शिक्षकहरूको तालिम र क्षमता विकास, विद्यार्थीहरूको नियमितता सुनिश्चित गर्ने योजना लिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार र विकासका लागि तयार गर्न लागेको शिक्षा योजना निर्माणका लागि सरोकारवाला निकायहरूसँग छलफल गरिएको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख कौशलकुमार तिवारीले जानकारी दिनुभयो।



सो कार्यक्रममा गाउँपालिका भित्रका जनप्रतिनिधि विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय समुदाय, र अन्य सरोकारवाला निकायको सहभागिता रहेको थियो।

जसमा सुझाव संकलन गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता, भौतिक पूर्वाधारको सुधार, डिजिटल शिक्षाको प्रवद्र्धन, शिक्षण सामग्रीको अभाव, शिक्षकको तालिम र विकास, तथा बालमैत्री वातावरण निर्माण जस्ता विषयमा ध्यान राखेर अगाडि बढ्ने बताएका थिए। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले सो कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै शिक्षा क्षेत्रमा दीर्घकालीन सुधारका लागि सबैको सक्रिय भूमिकाको आवश्यकता रहेको बताउनुभयो। अध्यक्ष श्रेष्ठले छलफल तथा अन्तरक्रिया कार्यक्रममा उठेका सुझावहरूलाई शिक्षा योजनामा समेट्दै गाउँपालिकाले शिक्षा क्षेत्रमा अहोरात्र खटेको बताउनुभयो।

शिक्षा क्षेत्रको विकासका लागि सामूहिक प्रयास आवश्यक रहेको सन्देश प्रवाह गर्दै भूमे गाउँपालिकाको शिक्षालाई गुणस्तरीय, समावेशी, र प्रविधिमैत्री बनाउने तर्फ महत्त्वपूर्ण आधार तयार गरेको बतानुभयो।

# मारिङ सहकारीको ७ औं वार्षिक साधारण सभा सम्पन्न

## *मारिङ सहकारीले कृषि उत्पादनमा प्रोत्साहन र आर्थिक बचतका लागि उत्प्रेरणा गर्दै*

❖ बालाराम शेर्पाली



रुकुमपूर्व भूमे गाउँपालिका–२ स्थित खाबाङ बगरमा रहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। पुस १७ गतेका दिन भूमे गाउँपालिकाको कभर्ड हलमा मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ७ औं वार्षिक साधारण सभा गरिएको हो।

मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले पछिल्लो समय रुकुमपूर्वमा मात्र नभएर देशमै उत्कृष्ट सहकारीको रुपमा चिरपरिचित रहेको छ। दुर्गम तथा पिछडिएको क्षेत्र रहेको रुकुमपूर्वका दश वर्षे जनयुद्धमा राज्य पक्ष र विद्रोही पक्षबाट हुनु भएको शहिद परिवार, घाईते, अपाङ्ग, द्धन्द्ध पीडित तथा अति विपन्न परिवारलाई विशेष सेवा दिइरहेको छ।

भूमे गाउँपालिकाले ३० लाख रुपियाँ जम्मा गरेर उक्त संस्था संञ्चालन गरिएको निर्वतमान गाउँपालिका अध्यक्ष तथा मारिङ बहुउद्देश्य सहकारी संस्था लिमिटेडका अध्यक्ष रामसुर बुढा मगरले बताउनुभयो।

मारिङ सहकारीले अर्गानिकको पहिचान झल्काउदै कृषकको घर आँगनमै पुगेर कृषकले उत्पादन गरेको दैनिक उपभोग्य सामग्री संकलन गरेर ठुला शहर पोखरा र काठमाण्डौंको बजारमा यहाँका अर्गानिक अन्नबाली सुपथ मूल्यमा बिक्री वितरण गर्दै आएको अध्यक्ष बुढाले बताउनुभयो।

मारिङ बहुउद्देश्य सहकारी संस्था लिमिटेडले वार्षिक प्रतिवेदन ०८०/८१ प्रस्ताव प्रतिवेदन माथि छलफल तथा आर्थिक प्रतिवेदन ०८०/०८१ सम्बन्धि प्रस्तुत गरिएको थियो। जसमा शेयर पुजी ०८१/०३/३१ गते सम्म ७७ लाख ७७ हजार ७० रुपियाँ शेयर रहेको छ भने बचत १ करोड ४५ लाख ३५ हजार १ सय रुपियाँ ८५.७० पैसा रहेको छ। यस्तै ऋण लगानी भने ४८ लाख ८० हजार ६ सय रुपियाँ ७१.०१ पैसा रहेको छ। सो संस्थाको जम्मा मुनाफा ४ लाख ११ हजार रुपियाँ ५२. ३० पैसामा शेयर सदस्य १६ सय ९२ जना रहेको संस्थाका व्यवस्थापक सन्दिप अधिकारिले जानकारी दिनुभयो।

जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठले विभिन्न संघ संस्थाले एक वर्षको अवधिमा भएको कामको जानकारी गराउने र भएका गल्ती कमजोरीलाई वार्षिक साधारण सभाबाट सच्याउन आग्रह गर्नुभयो। मारिङ बहुउद्देश्य संस्था लिमिटेडले राम्रो व्यवस्थित गर्दै गएको बताउनुभयो। साथै जिल्लामा उत्पादन भएका खाद्य वस्तुलाई आफुले खाएर बचेको खाद्यान्नलाई थोरै भए पनि आर्थिक रुपमा परिमार्जन गरी रहेको श्रेष्ठले बताउनुभयो। रुकुमपूर्वमा कृषि उत्पादनलाई बढाउनको लागि सो संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको प्रमुखको भनाइ रहेको छ।

मारिङ सहकारीले देशमै उत्कृष्ट काम गर्दै गइरहेको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। यस सहकारीले स्थानीयलाई कृषि उत्पादनमा प्रोत्साहन र आर्थिक बचत उत्प्रेरणाको जागरण गरिरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। जिल्ला सहकारी संघ रुकुमपूर्वका अध्यक्ष वशन्तकुमार श्रेष्ठले साधारण सभाको शुभकामना दिदै भूमेली कृषकले उत्पादन गरेका अन्नबाली नेपालमा मात्र नभई अर्गानिक अन्नपात विदेशमा पुग्दा रुकुमपूर्वको शिर उच्च भएको प्रशंसा गर्नुभएको छ।

उक्त ७ औं साधारणसभा मारिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रामसुर बुढाको अध्यक्षतामा सरु भएको कार्यक्रम जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठको प्रमुख अतिथि रहेको थियो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको विशेष आतिथ्यता रहेको थियो। यस्तै नौ वटै वडाका वडाध्यक्षहरु, जिल्ला सहकारी संघ रुकुमपूर्वका अध्यक्ष बशन्तकुमार श्रेष्ठ, अलिख क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाईली, नेपाल पत्रकार महासंघ रुकुमपूर्व जिल्ला शाखाका अध्यक्ष बशन्त बाँठा मगर र उपाध्यक्ष बालाराम शेर्पालीको आतिथ्यता रहेको ७ औं साधारणसभा कार्यक्रमको सञ्चालन मारिङ बहुउद्देशीय सहकारी संस्था लिमिटेडका व्यवस्थापक सन्दीप अधिकारीले गर्नुभएको थियो।

# आकर्षक तरिकाले मकै भण्डारण




❖ बालाराम शेर्पाली

रुकुमपूर्वका स्थानीय बासिन्दाले अपनाएको मकै भण्डारणको तरिका केवल परम्परागत मात्रै नभई निकै नै प्रभावकारी देखिएको छ। मकै सुकाउन अनौठो तरिका अपनाउने गरेका हन्। जो आधुनिक भण्डारण प्रविधिहरूसँग तुलना गर्दा पनि प्रभावकारी देखिन्छ। यस जिल्लामा कुनै गाउँमा घरको माथि धोक्रामा र कुनै गाउँमा घर छेउमा व्यवस्थित तरिकाले झुन्ड्याएर मकै सुकाउने गरेका छन्।

भूमे र पुथाउत्तरगंगा गाउँपालिकाका विभिन्न गाउँहरूमा घरै पिच्छे सुकाएको मकै देख्दा अनौठो देखिन्छ। अति दुर्गम र हिमाली जिल्ला भए पनि रुकुम पूर्वका गाउँहरू आफ्नै मौकिकतामा सजिएका छन्। यहाँका प्रत्येक घरमा आकर्षक तरिकाले गरिएको मकै भण्डारणले गाउँलाई आकर्षक बनाएको छ। यहाँका प्रत्येक घर बाहिरै मकै झुन्ड्याएर भण्डारण गरिएको दृष्यले निकै नै ठुला चलचित्र समेत निर्माण भएको ईतिहास राम्री निहाल्न सकिन्छ।

पछिल्लो समय आधुनिकता र चुनौती देखिन्न थालेको छ। कतै युवा पुस्ताले परम्परागत विधिहरू प्रति कम आकर्षित देखिन्छन्। आफ्नै मौलिकता बोकेको संरचनालाई भने सरकारी तथा गैरसरकारी संस्थाले प्रवद्र्धन र वैज्ञानिक रूपमा थप परिमार्जन गर्न आवश्यक रहेको छ।





**मकै भण्डारण विधिहरू आधुनिक प्रविधिसँग प्रतिस्पर्धा गर्न सक्ने प्राकृतिक समाधानका उत्कृष्ट उदाहरण हुन्। सधैंका लागि जोगाउनका लागि स्थानीय तहदेखि नीति निर्माण तहसम्म विशेष ध्यान दिन जरुरी छ।**





समाचार

वर्ष ६ अङ्क २३ २०८१ पौष २१ आईतबार

# आधारभूत विद्यालय दुबाचउरमा शिक्षक अभिभावक संघ गठन



❖ भूमे साप्ताहिक संवाददाता

रुकुमपूर्व भूमे गाउँपालिका–९ चुनबाङमा रहेको आधारभूत विद्यालय दुबाचउरमा शिक्षक अभिभावक संघ गठन गरिएको छ। भूमे गाउँपलिकाकै उत्कृष्ट रहेको आधारभूत विद्यालय दुबाचउरका प्रधानाध्यापक मानबहादुर विष्टका अनुसार शेरबहादुर पुनको अध्यक्षतामा ११ सदस्यीय नयाँ शिक्षक अभिभावक संघ गठन गरिएको हो। ज्येष्ठ अभिभावक मनप्रसाद विष्टको अध्यक्षता तथा भूमे गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका प्रतिनिधि गोविन्द पुनको प्रमुख आतिथ्यताबाट सुरु भएको उक्त अभिभावकहरुको भेलाले विद्यालयको शिक्षक अभिभावक संघ गठन गरिएको हो।

साथै प्रधानाध्यापक विष्टका अनुसार भेलाले बलप्रसाद पुनको अध्यक्षतामा ९ सदस्यीय विद्यालय दिवा खाजा व्यवस्थापन समिति पनि गठन गरिएको छ। कार्यक्रममा प्रधानाध्यापक विष्टले विद्यालयको अर्धवार्षिक प्रगति विवरण समेत प्रस्तुत गर्नुभएको थियो। सोही अवसर पारी विद्यालय व्यवस्थापन समितिका निवर्तमान सदस्य रिता पुन बुढाले विद्यालय परिसरमा सरस्वतीको मन्दिर बनाउने योजना अन्तर्गत नगद ५ हजार रुपैयाँ विद्यालयलाई सहयोग गर्नुभएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर पुनको स्वागत मन्तव्य रहेको उक्त अभिभावक भेला कार्यक्रममा जिल्ला समन्वय समिति रुकुम पूर्वका पूर्व सदस्य दयालसिङ पुन, नेपाल राष्ट्रिय माध्यामिक विद्यालय चुनबाङका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनकुमार बुढा, समाजसेवी गणबहादुर पुन, शिक्षा प्रेमी सेवा क्षेत्रका सरोकारवालाहरु, अभिभावक लगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन प्रधानाध्यापक विष्टले गर्नुभएको थियो।

# किसान सुचीकरण सम्बन्धी गणक सहजर्तालाई अभिमुखीकरण



❖ **भूमे साप्ताहिक संवाददाता**

रुकुमपूर्वको भूमे गाउँपालिकाको सभाहलमा आईतबार एक कार्यक्रम बिच किसान सुचिकरण व्यवस्थापन सूचना प्रणाली सफ्टवेयरको प्रभावकारी कार्यान्वयन र स्थानीय तहमा यसको उपयोग सुनिश्चित गर्ने लक्ष्य साथ भूमे गाउँपालिकाले गणक सहजकर्तालाई लक्षित गरी एक दिने अभिमुखीकरण तालिम सम्पन्न गरेको छ।

भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले अहिलेको आधुनिक सूचना प्रणालीमा किसान तथ्यांक संकलन, व्यवस्थापन, र विश्लेषणलाई सहज बनाउँन गाउँपालिकाले यो कदम चालेको बताउनु भएको छ। अध्यक्ष श्रेष्ठले स्थानीय कृषिजन्य नीति र योजनाहरूलाई सशक्त बनाउन तर्फ गाउँपालिका लागि परेको बताउनुभयो। एक दिने अभिमुखिकरण तालिममा गणक सहजकर्ताहरुलाई किसान दर्ता प्रक्रिया, तथ्यांक अद्यावधिक, तथ्यांकको विश्लेषण, र सफ्टवेयर मार्फत आवश्यक प्रतिवेदन तयार गर्ने विधिका विषयमा तालिम प्रदान गरिएको कृषि शाखाका नायव प्राविधिक सहायक बिशाल पुन मगरले बताउनुभयो।

भूमे गाउँपालिकामा किसानको तथ्यांक व्यवस्थित तरिकाले संकलन र व्यवस्थापन गर्ने गरी दक्ष जनशक्ति तयार गर्ने र हेतुको साथ डिजिटल जमनामा सफ्टवेयरको प्रयोगले किसानहरूको व्यक्तिगत र कृषि गतिविधि सम्बन्धी विस्तृत विवरण डिजिटल प्लेटफर्ममा सुरक्षित गर्नको गाउँपालिका भर बढिमा ३ महिना सम्म खताउने र थप आश्यक्ता भएमा २७ जना गणक सहजकर्ता परिचालन गरिने प्रविधिक पुनले बताउनुभयो।

उक्त तालिमले भूमे गाउँपालिकामा डिजिटल प्रणालीमार्फत किसान व्यवस्थापनलाई सहज, व्यवस्थित, र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ।

आगामी दिनमा यस्ता कार्यक्रमले स्थानीय सरकार र किसानबीचको समन्वयलाई अझ मजबुत बनाउने अपेक्षा गरिएको छ। यस्तै सहभागीहरुले तालिमले किसान सुचिकरण प्रक्रियालाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन्।


SAHAKARMI SAMAJ
सहकर्मी समाज

सहकर्मी समाज बिरेन्द्रनगर, सुर्खेत

**कोटेशन पेशगर्न सम्बधी सूचना**

प्रकाशित मिति : २०८१/०९/१९ तपसिल बमोजिमका वस्तु तथा सेवा उपलब्ध गराउन ईच्छुक ईजाजत पत्र प्राप्त फर्म/कम्पनी/संस्था तथा व्यक्तिबाट दर रेट सहितको कोटेसन पेश गर्नका लागी यो सुचना प्रकाशित गरेको छ। सम्बन्धित कागजातहरु : संस्था/फर्म दर्ता (नविकरण/म्याद थप सहित), मुल्य अभिवृद्धि करदर्ता/प्यान दर्ता, कर चुक्ता (आ.व. ०८०/०८१ प्रमाण पत्र लगायत कागजातसहित आफनो कारोवारको व्यहोरा उल्लेख गरी उपलब्ध गराइएका फरम्याट अनुसार आफनो फर्मको लेटरहेडमा भरी sahakarmisamaj.org@gmail.com ईमेलमा प्रकासित मिति देखि ५ दिन भित्र पेश गर्नुहुन अनुरोध छ साथै मिती नाघेर वा रित नपुऱ्याई आएको निबेदन लाई समाबेस गरिनेछैन।

**सामाग्रीको विवरण : भूमे गाउपालिका, रुकुम पूर्वको लागी**

| क्र.सं. | विवरण | ईकाई | थान |
|---|---|---|---|
| १ | जस्तापाता ८ फीटे (बाखाको खोरको लागी) | बण्डल | १८ |
| २ | टोपकरी ( बाखापालनको लागी) | थान | ८ |
| ३ | घासँ खुवाउने स्टयाण्ड ( बाखापालनको लागी) | थान | ९ |
| ४ | प्लेन पाता १५ फीटे ( बाखापालनको लागी) | बण्डल | ८ |
| ५ | बिजुलि बाट चल्ने पंखा (आरनको लागी) | थान | १ |
| ६ | ह्राते घन १ के.जी. | थान | १ |
| ७ | पराल काट्ने मेशिन (च्याउ खेतिको लागी) | थान | १ |
| ८ | पराल पकाउने ड्रम (च्याउ खेतिको लागी) | थान | २ |
| ९ | पानी जम्मा गर्ने ड्रम (च्याउ खेतिको लागी) | थान | २ |
| १० | च्याउ राख्ने कालो प्लाष्टिक (च्याउ खेतिको लागी) | के.जी. | २० |

फरम्याट :

| क्र.सं | विवरण | ईकाई | परिमाण | दर | कैफीयत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

# फलामको कामले फस्टाएर साभ्रान्त– शोभाकर पन्त

## बाल मजदूरबाट ग्रील उद्योगको मालिक

"कुनै समयमा फलामको काम गर्ने नेपालका विश्वकर्मा जातिको मौलिक पेशा जस्तै थियो भने परिवर्तित समयक्रमसँगै फलामको काम अन्य जाति, समुदायले पनि गर्दै आइरहका छन। यसै सन्दर्भमा भारतको हिमाचल राज्य सोलनमा फलामको ब्यवसाय बाट फस्टाएका शोभाकर पन्त एक उदाहरणीय पात्र हुन।"



शोभाकर पन्त

❖ यु के लाल

नेपाली समाजमा रहेको बिभेदकारी वर्णाश्रम जात ब्यवस्थाले श्रमजीवि शिल्पकारीहरुलाई तल्लो दर्जामा राखेर जातीय बिभेद तथा छुवाछुतको ब्यवहार गर्दै आएको तथ्य पनि सर्वविदितै छ। कुनै समयमा फलामको काम गर्ने नेपालका विश्वकर्मा जातिको मौलिक पेशा जस्तै थियो भने परिवर्तित समयक्रमसंगै फलामको काम अन्य जाति, समुदायले पनि गर्दै आइरहेका छन्।

यसै सन्दर्भमा भारतको हिमाचल राज्य सोलनमा फलामको ब्यवसायबाट फस्टाएका शोभाकर पन्त एक उदाहरणीय पात्र हुन्। गुल्मी जिल्ला छत्रकोट गाउँपालिका वडा नं. ४ जन्म घर भएका आमा कुन्तादेवीको कोखबाट २०२२ श्रावण ३० गते जन्मिएका मनिराम पन्तका जेठा छोरा शोभाकर पन्तका तीन भाई तीन दिदी र तीन बहिनी रहेका छन्।

शिवादेवीसंग मागी बिवाह गरेर बैवाहिक सम्त्रन्धमा जोडिएका शोभाकर पन्तका दुई छोरा नरेन्द्र पन्त र देवेन्द्र पन्त रहेका छन्।

ब्राम्हणले हलो नजोत्ने र यजमानहरु कमाएर कर्मकाण्ड पण्डित्याइँ गर्ने प्रचलन भएपनि उनका बाबुले गाउँघरमा कृषि पेशा नै अपनाएर परिवार पाल्दै आएको र पारिवारिक रुपमा भएको आर्थिक अभावका कारण सात कक्षासम्म मात्र पढने अवसर पाएका शोभाकर पन्त बाल्यकालमै भारत प्रवासमा आएर कष्टकर संघर्ष गर्दै आउने क्रममा हिमाचल प्रदेशको सोलनमा फलामको कामबाट एम.एस. स्टील ग्रील उद्योगको मालिक बन्ने स्तरसम्म आइपुगेका शोभाकर पन्तको प्रवासी जीवन कहानी पनि निकै उतार–चढावसंग जोडिएको छ।

# बाल मजदूरबाट ग्रील उद्योगको मालिक

भारतको आसाम राइफलमा बा¥हबर्ष मुनिका बच्चाहरुलाई सैनिक स्कुलमा पढाउन भर्ना गर्ने कोटा प्रणाली रहेकोले शोभाकर पन्त बा¥ह बर्षको हुँदा उनका भिनाजु (जो भारतीय सेना थिए) ले उनलाई आसाम राइफलको सैन्य स्कुलमा भर्ना गर्नको लागी आसामको नागालैन्ड हुँदै बुइमाको सैन्य क्याम्पमा लिएर गएकोमा त्यसैबर्ष दुईदिन अगाडी कोटा प्रणाली खारेज भएको हुँदा दुई महिना जति क्याम्पमा बसेर भिनाजुसंगै घरमा फर्केर आएको उनी बताउछन्।

घरमा आयश्रोतको कुनै उपाय नभएपछि उनी आफ्नो जेठोबुवाको छोरा दाई नाता पर्ने मोहन पन्तसंग घरबाट भागेर हिमाचलको सिमलामा गएका रहेछन्।

सन् १९८० तिर बा¥ह–ते¥ह बर्षका किशोर अवस्थामा दुई दाजुभाईहरु दैनिक ज्याला भारु पाँच रुपैयाँमा गिट्टी–बालुवा बोक्ने, खनेको माटो टोकरीमा बोकेर ट्याक्टरमा लोड गर्ने जस्ता कडा काम गर्ने गरेको र धेरै दिनसम्म कडा काम गर्न नसक्ने भएपछि दुबै दाजुभाई सिमलाबाट भागेर दिल्ली गएको उनी बताउछन्।कुनै सम्पर्क बिना दिल्लीमा गएपछि केहीदिन बसअड्डामै दुबै दाजुभाई भौंतारिदै रहेको र दिल्लीको अजेन्ता सिनेमा हलको म्यानेजर एकजना पोखरेल थरका नेपाली छन् रे भन्ने कुरा थाह पाएपछि उनलाई भेट्न जाँदा उनले भेट नदिएको र अर्को मान्छे मार्फत दुईजनालाई दिल्लीको मायापुरीमा लगेर होटलमा काम लगाइदिएका रहेछन्।दिल्लीको मायापुरी होटलमा मोहन पन्त र शोभाकरले चार महिनासम्म जुठा भाँडाहरु माझ्ने काम गर्दा हात खुट्टाका औंलाका कापहरु पाकेर निकै दुख पाएको उनी बताउछन्।

आफ्नो छोरा हराएर त्यत्तिकै भौंतारिरहेको खबर नेपाल घरमा रहेका आफ्नो बुबाले थाह पाएपछि जेठो बुबाको छोरा ठुलो दाई रबिन्द्र पन्तलाई पत्राचार गरेर भाईलाई खोजेर ल्याउन दवाव दिएका कारण रबिन्द्र पन्तले दिल्लीमा रहेका दुईभाईलाई पत्र पाउने बित्तिकै सोलनमा आउने चिठी लेखेर पठाएको हुँदा होटलमा जुठा भाँडाहरु माझेर हालत खराब भइरहेको अवस्थामा पत्र पाउने बित्तिकै निकै खुसी भएर दुबै दाजुभाई दिल्लीबाट सोलनमा आएको उनी बताउछन्।सोलनमा आएर फलाम कम्पनी फ्लोरा उद्योगमा जोडिएर दिनभर घन ठटाउने काम दुई बर्षसम्म गर्दै जाँदा दुईबर्षपछि वेल्डिङ गर्ने काम पनि सिकेको र ग्रिल सम्बन्धी सम्पूर्ण काम गर्ने सीप पनि उनले त्यही फ्लोरा उद्योगमा काम गर्दाखेरी सिकेको उनी बताउछन्।

त्यहि उद्योगमा सन १९९१ सम्म काम गर्दै जाँदा मोहन पन्त र आफु मिलेर दुईभाईको साझेदारीमा १९९० मै एउटा ग्रिल उद्योग दर्ता गरेर काम शुरु गरिसकेका रहेछन्।

## बाल्यकालदेखिका सहयात्री दाजुसंगको साझेदारी टुटेपछि

आफ्नो जेठो बुबाको छोरा मोहन पन्तसंग किशोर अवस्थामा घरबाट भागेर भारत प्रवासमा आइ राम–लक्ष्मणको जस्तो दाजुभाईको जोडी बनेर आत्मीय साथीको रुपमा जहाँ गएपनि संग–संगै जाने र जे काम गर्दापनि दुई भाइले सहकार्य गर्ने गरेका दाजुभाईले ते¥ह बर्षसम्म ब्यवसायलाई साझेदारी मै चलाउदै आएका रहेछन्।

सन २००४ देखि मोहन पन्त र शोभाकर पन्त दुई दाजुभाईले छुट्टिएर अलग–अलग ग्रील उद्योग चलाएको दिनदेखि आजसम्म मोहन पन्त शोभाकर पन्तले सञ्चालन गरेको ग्रील उद्योगमा नआएको र दुईभाईको कुनै झै–झगडा नभएर पनि बोलचाल समेत नभई मोहन पन्तले सोलनमा रहेको आफ्नो ग्रील उद्योग बेचेर बुटवलमा गइ घर बनाएर हार्यवेयर पसल खोली बसेको उनी बताउछन्।

## जीवनको गोरेटो चिनाउने र ब्यवसायिक मार्गमा हिडाउने मान्छे

जीवनमा भारतीय सेनामा भर्ती भइ लाहुरे बन्ने चाहना राखेका शोभाकर पन्तले सत्र बर्षको उमेरमा आफ्नो जातीय थर बदलेर शोभाकर थापा राखेर भर्ति हुन निकै कोसिस गर्दापनि दौडमा राम्रो स्थान नल्याउदा असफलता बेहोरिएका शोभाकर पन्तले आफ्नी बहिनीको मृगौंलाको अप्रेशन गर्नुपर्दा र त्यसैबर्ष कर बिभागले डकुमेन्टमा केही नमिलेका कारण ५ लाख जति जरिवाना लिएपछि निकै ठुलो आर्थिक समस्या झेल्नु परेको तितो अनुभव पनि उनीसंग रहेको छ।

भारत प्रवासमा आएदेखि कष्टकर समस्याहरु झेल्दाको अवस्थामा साथ–सहयोग दिने मान्छेहरुप्रति सदा ऋणी रहेको बताउने शोभाकर पन्तको ब्यवसायिक जीवनमा डो¥याउन मार्गदर्शन गर्ने जेठा बुबाको छोरा दाइ रबिन्द्रनाथ पन्त र ग्रीलको काम सिकाएर उद्योगको मालिक बन्न उत्प्रेरणा दिने फ्लोरा उद्योगको मालिक रमेश खनैजा आफ्नो जीवनको महत्वपूर्ण ब्यक्ति भएको उनी बताउछन्।

# च्याउ खेतीको महत्व र कन्य च्याउ खेती गर्ने प्रविधि



च्याउ एक किसिमको हरितकण नभएको ढुसी (वनस्पति) हो। च्याउ स्वादिष्ट पोष्टिक खाद्य पदार्थ हो। च्याउको नेपालमा खेती गरिर्दै आइएको छ, भने च्याउ बर्षादको समयमा वन जंगलमा पनि पाइन्छ। नेपालमा करिव ७ सय प्रजातिका च्याउँहरु पाइने गरेका छन। नेपालमा कतिपय च्याउँहरु जंगलमा आफै उर्मने गर्छन् भने केही च्याउहरुको खेती समेत हुने गरेको छ। नेपालमा गोब्रे च्याउँ, कन्य च्याउँ, रातो च्याउँ र सेतो च्याउँ मुख्य रुपमा खेती गरिने गरिन्छ। आजभोलिको दिनमा मानिसहरु चेतनशील हुँदै गइरहेका छन। पोष्टिक खाद्य पदार्थीतिर ध्यान दिइरहेका छन्। त्यसकारण पनि च्याउँको महत्व अझै बढ्दै गइरहेको छ। नेपालका ठुल्ठुला सहर र यीनको आसपासको क्षेत्रमा व्यवासयिक रुपमा च्याउँ खेती हुने गर्दै आएको छ। साथै अन्य गाउँहरुमा खानका लागि मानिसहरुले घरमा समेत च्याउको खेती गर्ने गरेका छन। च्याउ खेतीको महत्व च्याउमा हाम्रो शरीरलाई आवश्यक पर्ने प्रोटिन, कार्बोहाइब्रेट, चिल्लो पदार्थ, भिटामिन र पानी प्रशस्त मात्रमा पाइन्छ। त्यस्तै च्याउँमा हाम्रो शरीरलाई आवश्यक पर्ने नौ वटै अमिलो एसिड पाइन्छ। च्याउँमा पानीको मात्र ९० प्रतिशत पाइने हुनाले यो एकदम महत्वपूर्ण मानिन्छ। च्याउँ क्यानसर, मुटुरोग जस्ता रोगहरु लाग्नवाट बचाउँछ। यसको पौष्टिकता माछा, मासुभन्दा बढी छ, त्यसैले नियमित त्यसमा च्याउ खाएमा कुपोषण लाग्नबाट बचाउँछ। गर्वभती महिलाको लागि चाहिने पौष्टिक खानेकुरामा च्याउँ पनि महत्वपूर्ण छ। गर्वभति महिलालाई हुन सक्ने वा सुत्केरी अवस्थामा हुन सक्ने पौष्टिक आहारको कमीले हुने विभिन्न कमी कमजोरीवाट बचाउँछ। च्याउ खेती कम खर्चवाट पनि सजिलै गर्न सक्ने हुदा गरि सकेपछि जीवनस्तर मद्दत पु¥याउँछ।

च्याउँमा क्यालसियम पनि प्रशस्त मात्रमा पाइने हुदा बडि बलियो बनाउन सहयोग पु¥याउँछ। च्याउँ खेती गर्न धेरै श्रम नचाहिने हुदा किसानहरु आफनो बचेको समयमा यसको खेती गर्न सक्छन्। कन्य

च्याउ खेती प्रविधि कन्य च्याउ नेपालमा सवैभन्दा बढि खेती गर्न सकिन्छ। यो च्याउ खेती धानको पराल, गहुँ वा जौको छवाली मकैको ढोड आदीमा गर्न सकिन्छ। आवश्यकता अनुसार परालालाई २-३ औल लामो पारेर टुक्रा पार्नुपर्छ। यसरी टुक्रा पारिएको परालालाई २/३ घण्टासम्म सफा पानीमा भिजाउनु आवश्यक पर्छ। त्यसपछि भिजाएको पानीलाई तर्काउन ३–४ घण्टासम्म सफा ठाउँमा सफा सामाग्री जस्तै प्लाष्टिक, गुन्द्रीले छोपेर राख्नुपर्छ। त्यसपछि तयार भएको परालालाई बफाउन पर्दछ। १ पराल बफाउने तरिका पराल बफाउनुको उद्देश्य भनेको परालमा रहेका हानिकारक किरा रोगका किटानुहरु नष्ट गर्नु हो। पराल बफाउन ड्रम अथवा माटोको पोटासी प्रयोग गर्नुपर्छ। बफाउन प्रयोग गरिएको भाडोमा ५–६ इन्चसम्म पानी राखी त्यसमा ३–४ इटा राख्नुपर्छ। नभिजाएको पराल राम्ररी खाँदेर प्रयोग गरिएको भाडोको मुख राम्रोसँग छोप्नुपर्दछ। यसरी कम्तीमा आधा घण्टासम्म बफाउनुपर्छ। पराल बाफिएपछि त्यस परालालाई या तँ सोही ड्रममा या तँ अन्य सफा ठाउँमा राखी चिसो हुन दिनुपर्छ। २ च्याउको बीउ राख्ने तरिका यो च्याउको बीउलाई प्राय गहुको दानामा बनाइएको हुन्छ। १२.१ वा १६ इन्च २६ इन्चको प्लाष्टिकको थैलो प्रयोग गरि यसको बीउलाई रोप्न सकिन्छ। प्लाष्टिकमा रोप्या तह बनाउन आवश्यक छ।

१ तह गहुको बीउ, एक तह पराल गरि हातले थिच्नुपर्दछ। त्यसपछि त्यस प्लाष्टिकको थैलोमा ४–५ वटा हावा छिर्ने प्वालहरु पार्नुपर्छ। थैलोको मुख राम्ररी बाँधेर ३ हप्तासम्म अँध्यारो र न्यानो कपडामा राख्नुपर्छ। ३ च्याउको हेरबिचार थैलाहरु राख्ने कोठाको तापक्रम २२–२५ सेन्टीग्रेट हुनुपर्छ। बीउ रोपेको २०–२२ दिनमा च्याउको दुसी फिजिएर पराल भरी सेतो देखिन्छ। उक्त डल्लोलाई एक–एक बित्ता १२–२० सेन्टीमिटरको फरकमा सफा इटा वा ढुङगामाथि राख्नुपर्छ। अब यी डल्लाहरुमा दिनको २/३ पटक हल्का रुपमा पानी छर्नुपर्छ। पानी दिदा डल्ला भिजेपछि वरिपरीको खाली ठाउँमा पर्न दिनुपर्छ। जसले यस अवधिमा कोठाको तापक्रम २०–३० सेन्टिग्रेड हुनुपर्छ। पानी दिएको ४–५ दिनमा च्याउँका मसिना फल देखिन्छन। त्यसपछि ४–५ दिनमा च्याउ टिप्नुपर्छ। ४ च्याउ टिप्ने च्याउ टिप्दा डल्लामा च्याउका ठुटा रहन नदिइकन टिप्नुपर्छ। च्याउ टिप्ने समयमा कोठामा हावाको सञ्चालन हुनुपर्छ। पहिले जस्तै २–३ पटक हलुका पानी दिइरहनुपर्छ। ७–१० दिनको अन्तरालमा ३–४ पटकसम्म च्याउ टिप्न सकिन्छ। १ केजी परालवाट ५०० ग्राम च्याउ उत्पादन गर्न सकिन्छ। ५ च्याउ सुकाउने तरिका विदेशी बजारमा बिक्रि गरि मुल्य बढि लिनको लागि पनि च्याउलाई सुकाउनुपर्छ।

## भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्वन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।